## प्राविधिक एस.एल.सी. तहको छात्रवृत्ति कोटामा अध्ययन गर्न इच्छुक व्यक्तिहरुलाई सैनामैना नगरपालिकाको सूचना !!!

सैनामैना नगरपालिकाको छात्रवृत्ति कोटामा कोरियन नेपाल इन्स्टिच्यूट अफ टेक्नोलोजी तामनगर, बुटवलमा शैक्षिक सत्र २०७६/०७७ देखि ***रेफ एण्ड एसी र इलेक्ट्रिकल सब ओभरसियर (१८ महिने कोर्ष)*** पढ्न इच्छुक तपसिल बमोजिमका योग्य व्यक्तिहरुले देहायबमोजिम स्थान र समय भित्र तोकिएको ढाँचामा दरखास्त फाराम बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

नगरपालिकाको छात्रवृत्ति कोटामा भर्ना भई अध्ययन गर्नको लागि यस नगरपालिकाको स्थायी वासिन्दा भएको भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भइ आएको हुनुपर्ने र अन्य विवरण तथा कागजातहरु नगरपालिका शिक्षा शाखाबाट निर्धारण भए बमोजिम हुनेछ । साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट निम्नानुसारको सूचना प्रकाशित भए बमोजिमको जानकारी गराइन्छ ।

१. आवश्यक शैक्षिक योग्यता:

क. अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा: एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण

ख. अक्षराङ्कन पद्धति नतिजाकोहकमा: मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा एसईई परीक्षामा सबै विषयमा न्यूनतम E ग्रेड प्राप्त ।

२. परीक्षार्थी छनौटको आधार:

क) बुंदा नं. १ को (क) र (ख) बमोजिमको योग्यता पुगेका सवै परीक्षार्थीहरुलाई शैक्षिक योग्यता वापत ४० अंक प्रदान गरिनेछ ।

(ख) प्रवेश परीक्षामा प्राप्त अंक र बुंदा नं. २ (क) बमोजिम शैक्षिक योग्यता वापतको अंकको योगफल अनुसार परीक्षार्थीको योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

घ) यौग्यताक्रमको प्राप्ताङ्क बराबर भएका दुई भन्दा बढी आवेदकको हकमा प्राप्ताङ्कको दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गरी त्यसमा जसको अङ्क बढी हुन्छ उसैको नाम प्रकाशित गरिनेछ ।

ङ) प्राविधिक एस.एल.सी. का लागि नेपाल सरकारको प्रवेशिका परीक्षा/एस.ई.ई परीक्षाको पाठ्यक्रमको आधारमा अनिवार्य अंग्रेजी-२०, गणित-२० स्वास्थ्य र विज्ञान- २० अंक गरी जम्मा ६० पूर्णाङ्कको बस्तुगत बहुउत्तर प्रणालीको प्रवेश परीक्षा हुनेछ ।

च) छात्रवृत्ति कोटा : दुवै विषयको ४०/४० जना ।

आवेदन दिने अन्तिम :मिति २०७६ श्रावण १५ गते सम्म

कृष्ण प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत